मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २७३ • २०८३ साल भाद्र २३ गते मंगलबार • Tuesday 08, September 2026 • सूर्योदयः बिहान ०५:४४ बजे • सूर्यास्तः साँझ ०६:१९ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## वीरगंज मुख्य सडक फराकिलो अभियानः अन्तिम चरणको नापजाँच सुरु

**मधेशदृष्टि**
**वीरगंज।**
सडक डिभिजन कार्यालय हेटौंडाले वीरगंजको मुख्य सडक फराकिलो बनाउने अभियान अन्तर्गत अन्तिम चरणको नापजाँच शुरू गरेको छ । गण्डकचोकदेखि मितेरीपुलसम्मको सडक क्षेत्र विस्तारका लागि अतिक्रमित संरचना हटाउने कार्य तीव्ररूपमा अघि बढाइएको कार्यालयले जनाएको छ।
कार्यालयका अनुसार सडक विस्तारका क्रममा पहिलो चरणमा गत वैशाख ६ गते प्रारम्भिक नापजाँच गरिएको थियो। सडकको दायाँ÷बायाँ २५–२५ मिटर क्षेत्र खाली गराउने लक्ष्य राखिए पनि विभिन्न स्थानमा संरचनाको अवस्था अनुसार २२ देखि २३ मिटरसम्म मात्र क्षेत्र खाली गराइएको थियो । वीरगंजको मुख्य सडक विस्तार अभियान अन्तर्गत अधिकांश निजी तथा व्यावसायिक संरचना हटाउने काम लगभग सम्पन्न भइसकेको छ। अब नेपाली सेनाको ब्यारेक, वीरगंज महानगरपालिकाको प्रयोगशाला, प्रहरी कार्यालय तथा केही मन्दिर र मस्जिदका संरचना हटाउन बाँकी रहेका छन्।

### क्यासिनोमा प्रहरीको 'सर्जिकल स्ट्राइक':

# पाँच महिनाको सीसीटीभी खोतलिँदैः

# अध्यक्ष यादवको 'आवतजावत'को पर्दाफास होला ?




- क्यासिनोमा नेपाली नागरिकको प्रवेश कसरी सुनिश्चित भयो ?
- प्रवेशका लागि क्यासिनो कर्मचारीको भूमिका कस्तो थियो ?
- पक्राउ परेका व्यक्तिहरू यसअघि पनि त्यहाँ जाने गरेका थिए कि थिएनन् ?
- क्यासिनोको सीसीटीभीमा उनीहरूको विगतको गतिविधि के देखिन्छ ?
- सरकारी सवारीसाधन क्यासिनो परिसरमा पुगेको हो भने त्यसको प्रयोजन के थियो ?
- प्रहरी अधिकारी क्यासिनोमा किन पुगेका थिए ?
- र, यदि यस्ता गतिविधि लामो समयदेखि भइरहेको थियो भने विगतमा सम्बन्धित निकाय किन मौन रह्यो ?

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–१४ गण्डकस्थित 'गोल्डेन फिंगर गेमिङ जोन' क्यासिनोमा प्रहरीले गरेको कारबाहीपछि वीरगंजमा क्यासिनोभित्र नेपाली नागरिकको प्रवेश, प्रभावशाली व्यक्तिको पहुँच र लामो समयदेखि भइरहेको भनिएको अवैध गतिविधि छर्लङ्ग भएको छ । एउटै क्यासिनोबाट स्थानीय तहका अध्यक्ष र कार्यरत प्रहरी निरीक्षकसहित आठजना पक्राउ परेपछि यो घटना सामान्य जुवाको कारबाहीमा सीमित नरही क्यासिनो सञ्चालनको नियमन, नेपाली नागरिकको प्रवेश नियन्त्रण र त्यसमा हुन सक्ने मिलेमतोको विषयसम्म पुगेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार भदौ १२ गते राति करिब १०:३० बजे क्यासिनोमा नेपाली नागरिक प्रवेश गरी जुवा खेलिरहेको सूचना प्राप्त भएपछि प्रहरी टोली परिचालन गरिएको थियो । सूचनाका आधारमा गरिएको कारबाहीका क्रममा जुवा खेलिरहेको आरोपमा चार जना तथा नेपाली नागरिकलाई क्यासिनो प्रवेश गराई जुवा खेलाउन सहयोग गरेको आरोपमा क्यासिनाका चार कर्मचारीलाई नियन्त्रणमा लिइएको हो।




पक्राउ परेकामध्ये पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष ३६ वर्षीय जसवन्त यादव, सोही गाउँपालिका–६ का ३० वर्षीय चन्दन सहनी, वीरगंज महानगरपालिका–११ का ३९ वर्षीय ओमप्रकाश बैठा र इलाका प्रहरी कार्यालय पोखरियामा कार्यरत प्रहरी निरीक्षक ३६ वर्षीय प्रदीप पौडेल रहेका छन् । त्यस्तै, नेपाली नागरिकलाई क्यासिनोभित्र प्रवेश गराउन तथा जुवा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा वीरगंज महानगरपालिका–१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगंज–२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरीको पिपरा गाउँपालिका–५ का ४९ वर्षीय जयदेव साह र वीरगंज–१२ का ५० वर्षीय प्रदेशी साह पक्राउ परेका छन् । प्रहरीले पक्राउ परेका सबैमाथि अनुसन्धान अघि बढाएको छ । उनीहरूलाई सोमबार जिल्ला प्रशासन कार्यालय पर्सामा पेस गरिएपछि प्रशासनले थप अनुसन्धानका लागि ६ दिनको म्याद दिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । पक्राउ परेकामध्ये क्यासिनो कर्मचारी तथा कलाकार प्रदेशी साह बिरामी भएपछि नारायणी अस्पतालमा भर्ना भएको प्रहरीले जनाएको छ।

- **पक्राउसँगै उठ्यो ठूलो प्रश्न—क्यासिनोमा नेपाली कसरी पुगिरहेका छन् ?**

वीरगंजमा क्यासिनो सञ्चालन हुँदै आएको लामो समय भए पनि नेपाली नागरिकको प्रवेश नियन्त्रणको विषय पटक–पटक विवादमा आउने गरेको छ । कानुनी रूपमा नेपाली नागरिकलाई क्यासिनोमा जुवा खेल्न नपाउने व्यवस्था हुँदाहुँदै पनि प्रभावशाली तथा पहुँच भएका व्यक्तिहरू क्यासिनोभित्र पुग्ने गरेको आरोप स्थानीयस्तरमा उठ्दै आएको थियो । तर यसपटकको घटनाले ती आरोपलाई अनुसन्धानको दायरामा ल्याइदिएको छ। किनकि पक्राउ पर्नेमा सामान्य व्यक्तिमात्र छैनन् । निर्वाचित गाउँपालिका अध्यक्षदेखि प्रहरी संगठनमै कार्यरत प्रहरी निरीक्षकसम्म एउटै क्यासिनोबाट पक्राउ परेका छन् । यसले क्यासिनोको प्रवेश प्रणाली कति प्रभावकारी छ भन्ने प्रश्नसँगै, नेपाली नागरिकलाई क्यासिनोभित्र प्रवेश गराउने सम्भावित संयन्त्रबारे पनि अनुसन्धान आवश्यक बनाएको छ । क्यासिनोमा नेपाली नागरिक प्रवेश गरेको सूचना पाएपछि प्रहरी स्वयं त्यहाँ पुगेर कारबाही गर्न सक्ने अवस्था रहेछ भने विगतमा यस्ता गतिविधि किन नियन्त्रण हुन सकेनन् भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठेको छ। क्यासिनोभित्र प्रवेश गर्ने व्यक्तिको परिचय, प्रवेश गराउने कर्मचारी, प्रयोग हुने सवारीसाधन, क्यासिनोको सीसीटीभी अभिलेख र नियमित रूपमा आउने–जाने व्यक्तिको विवरण अनुसन्धानका महत्वपूर्ण आधार बन्न सक्छन्।

- **सरकारी गाडी सधैं राती अबेरसम्म क्यासिनो परिसरमा**

घटनापछि सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवको क्यासिनो आवतजावतलाई लिएर पनि विभिन्न प्रश्न उठेका छन् । स्थानीय स्रोत तथा प्राप्त विवरणअनुसार अध्यक्ष यादव चढ्ने सरकारी सवारीसाधन विगत ५ महिना अघिदेखि दैनिक क्यासिनो परिसरमा रातिसम्म पार्किङ हुने गरेको दाबी गरिएको छ। यद्यपि, यो विषयको वास्तविकता प्रहरी अनुसन्धान र सीसीटीभी अभिलेखबाट पुष्टि हुन्छ नै । यदि लामो अवधिको सीसीटीभी फुटेज, क्यासिनोको प्रवेश अभिलेख तथा अन्य प्रमाणले सरकारी सवारीसाधन नियमित रूपमा क्यासिनो परिसरमा जाने गरेको देखाएमा त्यसले घटनालाई थप गम्भीर बनाउनेछ। विशेषगरी पछिल्लो पाँच महिनासम्मको सीसीटीभी रेकर्ड सुरक्षित अवस्थामा छ भने अनुसन्धानकर्ताले त्यसलाई प्राविधिक रूपमा परीक्षण गर्न सक्छन्। कुनै व्यक्ति एकपटक मात्र पुगेको हो वा नियमित रूपमा क्यासिनोमा जाने गरेको हो भन्ने छुट्याउन सीसीटीभी अभिलेख महत्वपूर्ण प्रमाण बन्न सक्छ । त्यसैले अहिलेको अनुसन्धान केवल भदौ १२ गते रातिको घटनामा सीमित हुन्छ कि विगतको गतिविधिसमेत खोतलिन्छ भन्ने विषयमा सबैको ध्यान केन्द्रित भएको छ।

- **अध्यक्ष यादवको बचाउमा 'जुवा खेल्न होइन, हेर्न गएको' प्रचार**

अध्यक्ष यादव पक्राउ परेपछि उनको बचाउमा केही अनलाइन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत उनी क्यासिनोमा जुवा खेल्न नभई केवल जुवा हेर्न गएको दाबी सार्वजनिक हुन थालेको बताइएको छ। तर कुनै व्यक्ति क्यासिनोमा कुन उद्देश्यले प्रवेश गरेको थियो भन्ने विषय सञ्चारमाध्यमको अनुमान वा बचाउको कथनबाट होइन, अनुसन्धानका क्रममा प्राप्त प्रमाणबाट निर्धारण हुनुपर्ने देखिन्छ।
क्यासिनोमा प्रवेश गरेको व्यक्तिको गतिविधि सीसीटीभीमा कैद भएको हुन सक्छ । प्रवेश तथा निकासको समय, सम्बन्धित टेबलमा बसेको विवरण, क्यासिनो कर्मचारीसँगको सम्पर्क, आर्थिक कारोबारसम्बन्धी प्रमाण तथा अन्य डिजिटल अभिलेखले वास्तविक अवस्था स्पष्ट पार्न सक्ने सम्भावना हुन्छ । त्यसैले अनुसन्धान जारी रहेका बेला कसैलाई दोषी ठहर गर्ने वा निर्दोष सावित गर्ने दुवै प्रकारका प्रचारले अनुसन्धानलाई प्रभावित गर्न सक्ने जोखिम हुन्छ। अन्ततः आरोप प्रमाणित गर्ने जिम्मेवारी अनुसन्धान र न्यायिक प्रक्रियाकै हो।

- **अध्यक्ष यादव र प्रहरी निरीक्षक पौडेलको सम्बन्धबारे पनि प्रश्न !**

घटनामा सबैभन्दा बढी चासोको अर्को विषय अध्यक्ष यादव र इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेल एउटै क्यासिनोबाट पक्राउ पर्नु हो । स्थानीयस्तरमा उनीहरूबीच पछिल्ला केही महिनायता निकट सम्बन्ध बनेको चर्चा हुँदै आएको थियो । यसअघि सखुवाप्रसौनी गाउँपालिकाको एक वडामा १२ वर्षीया बालिकासँग सम्बन्धित जबरजस्तीकरणी मुद्दाका आरोपितलाई उम्काउन आर्थिक चलखेल भएको र त्यसमा अध्यक्ष यादव तथा प्रहरी निरीक्षक पौडेलको भूमिका रहेको आरोप सामाजिक सञ्जालमा उठेको बताइएको छ । अहिले भने एउटै क्यासिनोबाट दुवै जना पक्राउ परेपछि उनीहरूको सम्बन्धबारे उठ्दै आएका प्रश्नले पुनः चर्चा पाएको छ । उनीहरू क्यासिनोमा एउटै समयमा किन पुगे ? उनीहरूबीचको सम्पर्क कति पुरानो हो ? क्यासिनोमा प्रवेश गर्ने क्रममा कसैले विशेष सहजीकरण गरेको थियो कि थिएन ? यी प्रश्नको उत्तर अनुसन्धानबाट आउनुपर्ने देखिन्छ।

- **पर्सा प्रहरी प्रमुखको कारबाहीले बढायो अपेक्षा**

क्यासिनोमा नेपाली नागरिक प्रवेश गरेको सूचना पाएपछि जिल्ला प्रहरी प्रमुख पवनकुमार भट्टराईको नेतृत्वमा भएको कारबाहीलाई स्थानीयस्तरमा सकारात्मक रूपमा हेरिएको छ । विशेषगरी क्यासिनोमा पहुँच र प्रभावका आधारमा केही व्यक्तिले सहजै प्रवेश पाउने गरेको आरोप लामो समयदेखि सुनिँदै आएको अवस्थामा स्थानीय तहका अध्यक्ष र प्रहरी निरीक्षकसम्म पक्राउ पर्नुले प्रहरी प्रशासनले कम्तीमा यसपटक पद र पहुँचलाई कारबाहीको बाटोमा अवरोध बन्न नदिएको सन्देश दिएको छ।
सामाजिक सञ्जालमा समेत पर्सा प्रहरीको कदमको प्रशंसा भइरहेको बताइएको छ। तर प्रहरीको वास्तविक सफलता पक्राउमा होइन, अनुसन्धानको निष्पक्षता र त्यसबाट निस्कने निष्कर्षमा मापन हुनेछ । यदि प्रभावशाली व्यक्तिमाथि कारबाही गरेर सामान्य कर्मचारी वा कमजोर पक्षलाई मात्रै जिम्मेवार ठहर गरियो भने प्रश्न पुनः उठ्नेछ । तर क्यासिनोको प्रवेशदेखि आर्थिक कारोबारसम्मको सम्पूर्ण सञ्जाल अनुसन्धानको दायरामा ल्याएर दोषी देखिएकामाथि कानुनअनुसार कारबाही अघि बढाइयो भने यसले वीरगंजमा क्यासिनो नियमनको नयाँ आधार तयार गर्न सक्छ।

- **क्यासिनो कर्मचारीको भूमिका पनि अनुसन्धानको केन्द्रमा**

यस घटनामा चार जना क्यासिनो कर्मचारी पक्राउ पर्नुले नेपाली नागरिकको प्रवेश केवल व्यक्तिको व्यक्तिगत निर्णयबाट मात्र सम्भव भएको हो कि क्यासिनोभित्रै कुनै संगठित प्रवेश संयन्त्र छ भन्ने प्रश्नसमेत जन्माएको छ । प्रहरीका अनुसार विजयकुमार पटेल, दिनेशकुमार पटेल, जयदेव साह र प्रदेशी साहलाई नेपाली नागरिकलाई क्यासिनोभित्र प्रवेश गराउने तथा जुवा खेलाउने कार्यमा संलग्न रहेको आरोपमा पक्राउ गरिएको हो।
अब प्रहरीले उनीहरूको बयान, प्रवेश व्यवस्थापनको प्रणाली, सीसीटीभी फुटेज, क्यासिनोका कर्मचारीबीचको जिम्मेवारी विभाजन तथा घटनाको राति प्रयोग भएको प्रवेश प्रक्रियाबारे अनुसन्धान गर्नुपर्ने देखिन्छ। यदि नेपाली नागरिकलाई क्यासिनोमा प्रवेश गराउने कार्य नियमित रूपमा भइरहेको थियो भने एक रातको घटनाले मात्र सम्पूर्ण तस्वीर नदिने सम्भावना हुन्छ। त्यसैले विगतका प्रवेश अभिलेख र सीसीटीभी फुटेजसमेत अनुसन्धानमा महत्वपूर्ण हुन सक्छन्।

- **'पैसा र पहुँच'को प्रश्न अब अनुसन्धानले जवाफ दिनुपर्ने**

वीरगंजमा क्यासिनोसम्बन्धी विवादको केन्द्रमा लामो समयदेखि दुईवटा विषय रहँदै आएका छन् 'नेपाली नागरिकको प्रवेश र प्रभावशाली व्यक्तिको पहुँच ।' यसपटक पक्राउ परेका व्यक्तिको पृष्ठभूमिले यी प्रश्नलाई अझ गम्भीर बनाएको छ। एकातिर निर्वाचित जनप्रतिनिधि, अर्कोतिर कार्यरत प्रहरी निरीक्षक, अनि उनीहरूलाई प्रवेश गराउन सहयोग गरेको आरोपमा क्यासिनोका कर्मचारीसमेत पक्राउ । यो संरचना आफैंमा अनुसन्धानका लागि पर्याप्त गम्भीर विषय हो। अब प्रहरीले अनुसन्धानमा केही आधारभूत प्रश्नको जवाफ खोज्नुपर्ने देखिन्छ।

- **क्यासिनोको सम्पूर्ण प्रणालीमाथि अनुसन्धान आवश्यक**

घटनाले एउटा महत्वपूर्ण तथ्य उजागर गरेको छ कानुनले प्रतिबन्ध लगाएको गतिविधि केवल नियम बनाएर नियन्त्रण हुँदैन । त्यसको कार्यान्वयनका लागि निगरानी, नियमित अनुगमन र जिम्मेवार निकायबीच प्रभावकारी समन्वय आवश्यक हुन्छ । क्यासिनोले कानुनअनुसार आफ्नो प्रवेश प्रणाली सञ्चालन गरिरहेको थियो कि थिएन ? नेपाली नागरिकको पहिचान कसरी गरिन्थ्यो ? कर्मचारीले नियम उल्लंघन गरेको भए व्यवस्थापनको जिम्मेवारी के हुन्छ ? यी प्रश्न पनि अनुसन्धानको हिस्सा बन्नुपर्छ।
त्यसैगरी पक्राउ परेका व्यक्तिहरूको व्यक्तिगत भूमिकासँगै क्यासिनो व्यवस्थापनको सम्भावित जिम्मेवारी पनि कानुनअनुसार परीक्षण हुन आवश्यक छ। एकातिर सामान्य नागरिक क्यासिनो प्रवेश गर्दा कानुनी जोखिम बेहोर्नुपर्ने र अर्कोतिर पहुँच भएका व्यक्तिहरू सहजै प्रवेश गर्न सक्ने अवस्था रहेको हो भने त्यो कानुनको समान कार्यान्वयनमाथिको गम्भीर प्रश्न हो।

- **अब पर्सा प्रहरीको परीक्षा**

'गोल्डेन फिंगर गेमिङ जोन'मा भएको छापा र त्यसपछि भएको पक्राउले पर्सा प्रहरीलाई प्रशंसा मात्र होइन, थप ठूलो जिम्मेवारीसमेत दिएको छ। प्रहरीले प्रभावशाली व्यक्तिलाई पक्राउ गरेर कारबाही सुरु गरेको छ । अब त्यसलाई निष्पक्ष, प्रमाणमा आधारित र दबाबरहित अनुसन्धानमा परिणत गर्नु चुनौती हो । अनुसन्धानका क्रममा प्राप्त सीसीटीभी फुटेज, प्रवेश अभिलेख, डिजिटल प्रमाण, बयान तथा अन्य सामग्रीको वैज्ञानिक परीक्षण हुनुपर्छ। कसैलाई राजनीतिक वा सामाजिक दबाबका आधारमा उन्मुक्ति दिनु हुँदैन, तर प्रमाणबिना कसैलाई दोषी ठहर गर्ने प्रयास पनि हुनु हुँदैन।
अहिलेको घटनाले वीरगंजमा क्यासिनोमाथिको निगरानीलाई नयाँ ढंगले हेर्नुपर्ने अवस्था सिर्जना गरेको छ । पक्राउ परेका आठ जनामाथि प्रशासनले ६ दिनको म्याद दिएको अवस्थामा यही अवधिमा अनुसन्धानले कस्तो दिशा लिन्छ भन्नेमा सबैको ध्यान छ । क्यासिनोभित्र नेपाली नागरिक प्रवेश गरेको एउटा घटनाबाट सुरु भएको प्रहरी कारबाही अब केवल 'को पक्राउ परे ?' भन्ने प्रश्नमा सीमित नरही 'कसरी प्रवेश भयो, कसले प्रवेश गरायो, किन प्रवेश सम्भव भयो र विगतमा यस्तो गतिविधि कसरी चलिरह्यो ?' भन्ने मूल प्रश्नसम्म पुग्नुपर्ने देखिन्छ।
यदि अनुसन्धानले यी प्रश्नको तथ्यपूर्ण जवाफ दिन सक्यो भने यो कारबाही एउटा रातको छापा मात्र रहने छैन । यसले वीरगंजका क्यासिनोमा पहुँच, संरक्षण र सम्भावित मिलेमतोको जालोमाथि कानुनी निगरानीको ढोका खोल्न सक्छ।
तर अनुसन्धान पक्राउ परेका व्यक्तिको बयानमा मात्र सीमित भयो र क्यासिनोभित्रको सम्पूर्ण प्रणाली, विगतका गतिविधि तथा प्रवेश व्यवस्थापनको वास्तविकता खोतल्न सकिएन भने उठेका गम्भीर प्रश्नहरू अनुत्तरित नै रहनेछन्। त्यसैले अहिलेको सबैभन्दा ठूलो अपेक्षा एउटै छ 'पद, पहुँच र प्रभावभन्दा माथि उठेर प्रमाणका आधारमा अनुसन्धान होस् र दोषी देखिए कानुनअनुसार कारबाही होस्।'

सम्पादकीय

# बालबालिकाको हातमा अपराधको छाया, मधेशले अब कहिले चेत्ने ?

मधेश प्रदेशमा तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनाले समाजलाई स्तब्ध मात्र बनाएको छैन, हाम्रो समाजमा बालबालिका र किशोरकिशोरीहरू किन यति कम उमेरमै गम्भीर अपराधको जोखिमतर्फ धकेलिँदै छन् । बाराको जितपुरसिमरा उपमहानगरपालिका–१ मा भएको पछिल्लो घटनामा नाबालककै संलग्नता खुलेपछि यो प्रश्न झन् पेचिलो बनेको छ। तीन वर्षकी निर्दोष बालिकामाथि भएको जघन्य अपराधको पीडा आफैंमा असह्य छ। त्यसमाथि घटनामा संलग्न भनिएका व्यक्तिहरू पनि १८ वर्षमुनिका भएको तथ्यले परिवार, विद्यालय, समुदाय, प्रहरी प्रशासन र राज्यका सबै संयन्त्रलाई गम्भीर आत्मसमीक्षा गर्न बाध्य बनाएको छ। यो घटना कुनै एक परिवारको दुःख वा एउटा गाउँको समस्या मात्र होइन। यो हाम्रो सामाजिक संरचना, बाल संरक्षण प्रणाली र किशोरावस्थामा बढ्दै गएको जोखिमप्रति राज्य र समाजले देखाएको उदासीनताको कठोर परिणाम हुन सक्छ।

मधेशमा बालबालिकामाथि हुने यौन हिंसाका घटना नयाँ होइनन् । सिरहामा १७ वर्षीया बालिकालाई अपहरण गरी बन्धक बनाएर सामूहिक बलात्कार गरिएको घटनामा १३ वर्षीय बालकसहित किशोर उमेरका व्यक्तिहरूको संलग्नताको आरोप लाग्यो। अझ विडम्बनापूर्ण कुरा, गम्भीर अपराधलाई गाउँमै पञ्चायतीमार्फत मिलाउने प्रयास भयो। पीडितले आत्महत्या गरेपछि मात्र घटना प्रहरीसम्म पुग्यो। यसले हाम्रो समाजमा अपराधभन्दा पनि अपराध लुकाउने संस्कृतिको खतरा कति गहिरो छ भन्ने देखाउँछ। सिरहाकै अर्को घटनामा विद्यालयनजिकै १७ वर्षीया बालिकाको शव अर्धनग्न अवस्थामा फेला परेको थियो। यस्ता घटनाका पीडितले न्याय पाउन नसक्नु वा दोषीमाथि कारबाहीको प्रक्रिया लामो समयसम्म निष्कर्षमा नपुग्नुले समाजमा अर्को खतरनाक सन्देश जान्छ 'अपराध गरे पनि उम्किन सकिन्छ।' यही मानसिकता तोड्न आवश्यक छ।

इन्सेकको तथ्याङ्कअनुसार सन् २०२५ मा मात्रै मधेश प्रदेशमा १०१ जना बालिका बलात्कारमा परेका थिए। तीमध्ये १७ जना सामूहिक बलात्कारका पीडित थिए। सोही अवधिमा दर्ता भएका ७३ वटा यौनजन्य हिंसाका घटनामा ५९ जना बालबालिका पीडित रहेको तथ्याङ्क झनै गम्भीर छ। त्यसैगरी मधेश प्रदेश प्रहरी कार्यालयको विवरणमा आर्थिक वर्ष २०८२÷८३ देखि २०८३÷८४ को साउनसम्म आठ जिल्लामा बालबालिकासम्बन्धी २८९ घटना तथा मुद्दा दर्ता भएका छन्। यी तथ्याङ्क केवल अंक होइनन्। प्रत्येक अंकको पछाडि एउटा बाल्यकाल छ, एउटा परिवार छ, एउटा भविष्य छ र एउटा गहिरो पीडा छ। बालबालिका अपराधमा संलग्न भएको घटनापछि 'यस्तो अपराध गर्ने बालक कस्तो परिवारबाट आयो ?' भन्ने प्रश्नहरु तेर्सिने गरेको छ तर प्रश्न यतिमै रोकिनु हुँदैन। उसले यस्तो सोच कहाँबाट सिक्यो ? उसको व्यवहारमा परिवर्तन हुँदा कसैले किन देखेन ? विद्यालयले उसको मानसिक अवस्था बुझ्ने प्रयास ग¥यो कि गरेन ? परिवारमा उससँग पर्याप्त संवाद थियो कि थिएन ? उसको मोबाइलमा कस्तो सामग्री थियो ? ऊ कस्ता व्यक्तिको संगतमा थियो ? लागुऔषध वा अन्य जोखिमपूर्ण गतिविधिसँग उसको सम्बन्ध थियो कि थिएन ? यी प्रश्नको उत्तर खोज्न नसकेसम्म बालअपराधलाई केवल प्रहरीको जिम्मेवारी ठान्नु ठूलो भूल हुनेछ। अभिभावकले बालबालिकालाई खाना, कपडा र विद्यालय पठाएर आफ्नो जिम्मेवारी पूरा भएको ठान्ने प्रवृत्ति अब बदलिनुपर्छ। बालबालिकालाई समय दिनु, उनीहरूको कुरा सुन्नु, साथी र गतिविधिबारे जान्नु तथा डिजिटल संसारमा उनीहरूको पहुँच बुझ्नु पनि अभिभावकीय जिम्मेवारी हो।

**सामाजिक सञ्जाल र लागुऔषधः नयाँ पुस्ताका अगाडि दोहोरो चुनौती**

मधेश प्रदेशको भौगोलिक अवस्थाले लागुऔषध नियन्त्रणलाई थप चुनौतीपूर्ण बनाएको छ। खुला सीमाका कारण सीमावर्ती क्षेत्रमा लागुऔषधको पहुँच सहज हुने गरेको सुरक्षा निकायको बुझाइ छ। त्यसको प्रभाव किशोर उमेरका बालबालिकासम्म पुग्नु गम्भीर चिन्ताको विषय हो। लागुऔषध प्रयोग गर्ने किशोरकिशोरी आफैं जोखिममा हुन्छन्। तर समस्या त्यतिमा सीमित छैन। यसको प्रभावले हिंसा, अपराध, विद्यालय छाड्ने, पारिवारिक सम्बन्ध बिग्रने र गलत समूहसँग जोडिने सम्भावना पनि बढाउन सक्छ। त्यसैगरी सामाजिक सञ्जालमा सहजै उपलब्ध हुने हिंसात्मक र अश्लील सामग्रीले बालबालिकाको मनोविज्ञानमा पार्ने प्रभावलाई पनि बेवास्ता गर्न मिल्दैन। प्रविधि आफैं अपराधको कारण होइन। तर निगरानीविहीन डिजिटल पहुँच, गलत संगत र अपरिपक्व मानसिकताबीचको संयोजन खतरनाक बन्न सक्छ। त्यसैले मोबाइल खोसेर मात्र समस्या समाधान हुँदैन। बालबालिकालाई डिजिटल साक्षरता, सुरक्षित इन्टरनेट प्रयोग र सही–गलत सामग्री छुट्याउने क्षमता सिकाउनुपर्छ।

**परिवार कमजोर हुँदा समुदाय अगाडि आउनुपर्छ**

बाल संरक्षण परिवारबाट सुरु हुन्छ, तर परिवारमै सीमित रहन सक्दैन। छिमेकी, विद्यालय, स्थानीय तह, प्रहरी, स्वास्थ्य संस्था, बाल अधिकारसँग सम्बन्धित संघसंस्था र समुदाय सबैको साझा जिम्मेवारी हो। कुनै बालक अस्वाभाविक रूपमा आक्रामक हुँदैछ, विद्यालय जान छाड्दैछ, गलत समूहमा घुलमिल हुँदैछ, लागुऔषध प्रयोगको शंकामा छ वा हिंसात्मक गतिविधितर्फ आकर्षित भइरहेको छ भने त्यसलाई 'उसको व्यक्तिगत कुरा' भनेर पन्छाउनु हुँदैन। समाजले गलत गतिविधि देखेर मौन बस्नु पनि समस्याको एउटा हिस्सा हो। विशेषगरी मधेशमा गम्भीर अपराधलाई 'गाउँमै मिलाउने', पीडित परिवारलाई दबाब दिने वा सामाजिक प्रतिष्ठाका नाममा घटना लुकाउने प्रवृत्तिमाथि कठोर प्रहार आवश्यक छ। बलात्कार, बाल हिंसा र हत्या कुनै पञ्चायतीले मिलाउने विषय होइनन्। यस्ता घटनामा कानुनले आफ्नो बाटो लिनैपर्छ।

**घटनापछि होइन, जोखिम देखिँदै प्रहरी सक्रिय बनौँ**

प्रहरीको काम अपराध भएपछि अनुसन्धान र कारबाही गर्नु मात्र होइन, अपराध हुन नदिन समुदायसँग जोडिएर काम गर्नु पनि हो। विद्यालय, स्थानीय तह र समुदायसँग समन्वय गरेर बालबालिका जोखिममा पर्न सक्ने क्षेत्र पहिचान गर्न सकिन्छ। तर प्रहरी मात्र सक्रिय भएर पुग्दैन। स्थानीय सरकारले बाल संरक्षणका कार्यक्रमलाई बजेट र प्राथमिकता दिनुपर्छ। विद्यालयमा मनोसामाजिक परामर्शको व्यवस्था हुनुपर्छ। अभिभावकलाई बाल संरक्षण र डिजिटल सुरक्षाबारे नियमित प्रशिक्षण दिनुपर्छ। लागुऔषधविरुद्धको अभियान केवल नारामा सीमित हुनु हुँदैन। सबैभन्दा महत्वपूर्ण कुरा पीडित बालबालिकाको आवाज सुन्ने र सुरक्षित वातावरण निर्माण गर्ने संयन्त्र बलियो हुनुपर्छ। मधेशमा बालबालिकामाथि हुने हिंसा र उनीहरूकै संलग्नतामा हुने जघन्य अपराधका घटना बढ्दै गएको अनुभूति भइरहेका बेला राज्य अझै पनि घटना भएपछि मात्रै जाग्ने हो भने स्थिति अझ भयावह बन्न सक्छ। आज तीन वर्षीया बालिकाको हत्या भएको छ। भोलि अर्को परिवारले यस्तै पीडा भोग्नुपर्ने अवस्था आउन नदिन अहिले नै हस्तक्षेप आवश्यक छ। हामीले बालबालिकालाई केवल 'भविष्यका नागरिक' भनेर भाषण गर्ने होइन, आजकै दिन सुरक्षित नागरिकका रूपमा बाँच्ने अधिकार भएका व्यक्ति भनेर व्यवहार गर्नुपर्छ। अपराधमा संलग्न नाबालकलाई कानुनी प्रक्रियाबाट अघि बढाउनु आवश्यक छ, तर त्यससँगै उसलाई अपराधको बाटोमा पु¥याउने सामाजिक, पारिवारिक, मनोवैज्ञानिक र वातावरणीय कारण पनि खोज्नुपर्छ। सजायले एउटा घटना सम्बोधन गर्न सक्छ, तर कारण पहिचान र रोकथामले सयौँ सम्भावित घटना रोक्न सक्छ।

मधेशमा अब बाल संरक्षणलाई औपचारिक कार्यक्रमको सूचीबाट निकालेर राज्यको प्राथमिक एजेन्डा बनाउनुपर्ने बेला आएको छ। परिवारले समय दिनुपर्छ। विद्यालयले निगरानी र परामर्श बढाउनुपर्छ। समुदायले मौनता तोड्नुपर्छ। स्थानीय तहले स्रोत परिचालन गर्नुपर्छ। प्रहरीले जोखिम पहिचान गरी सक्रिय हुनुपर्छ। राज्यले प्रभावकारी बाल संरक्षण नीति कार्यान्वयन गर्नुपर्छ। किनकि बालबालिकाको हातमा किताब, कलम र सपना हुनुपर्ने उमेरमा अपराधको छाया पर्न थाल्नु कुनै एउटा परिवारको असफलता होइन सम्पूर्ण समाजको चेतावनी हो। अब पनि नचेते कहिले चेत्ने ?

# खानेपानीको मूल सुक्दै गएपछि पुनर्जीवित कार्यक्रमको सुरुआत

राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक।**

पछिल्ला केही वर्षदेखि काभ्रेपलाञ्चोकका अधिकांश स्थानीय तहमा खानेपानीको मुहान सुक्दै गएको तथ्याङ्कले देखाएको छ। बाढीपहिरो, वन फँडानी, जथाभावी पूर्वाधार विकास, भूकम्प, जलवायु परिवर्तनलगायतका कारण जिल्लाको १३ स्थानीय तहमध्ये सात तहमा गरिएको सर्वेक्षणमा पानीको मूल र मुहान सुक्दै गएको सरोकालवाला निकायले जनाएका छन्। पानीको मूल र मुहान सुक्दै जाँदा स्थानीयले पानी खोज्दै टाढा–टाढा धाउनुपर्ने, वर्षाको पानी सङ्कलन गर्नुपर्ने र बसाइँसराइसमेतका समस्या झेल्नुपर्ने देखिएपछि काभ्रेपलाञ्चोकका स्थानीय तहहरु पानी–पुनर्भरणतर्फ उन्मुख भएका हुन्। यसका लागि रोशी गाउँपालिकाले योजनाबद्ध रुपमा कार्य अघि बढाइसकेको छ भने बेथानचोक गाउँपालिकाले आफ्ना पानीको स्रोत पहिचान गरी योजना बनाउने तरखरमा छ। रोशीले जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै स्थानीय समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले 'एकीकृत अनुकूलन समाधान प्याकेज'को क्षेत्रगत परीक्षण तथा परामर्श थालनी गरेको छ। हिन्दूकुश हिमालय क्षेत्रका लागि एकीकृत जलवायु अनुकूलन समाधान परियोजनाअन्तर्गत अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र वातावरणीय तथा कृषि नीति अनुसन्धान, विस्तार तथा विकास केन्द्र (सिप्रेड)को संयुक्त आयोजनामा प्याकेजको थालनी गरिएको हो।

जलवायु परिवर्तनका जोखिमलाई सम्बोधन गर्न खानेपानी तथा मुहान व्यवस्थापन, जल पुनर्भरण प्रणाली, नवीकरणीय ऊर्जाको पहुँच र कृषि–जैवविविधतालाई एउटै एकीकृत प्रणालीका रुपमा अगाडि बढाउने अवधारणाअनुसार यस्तो प्याकेज तयार पारिएको इसिमोडका कार्यक्रम अधिकृत सदीक्षा गुरागाईं बताउँछन्। उनका अनुसार प्याकेजको पहिलो चरणमा गाउँपालिका–१ स्याउरेटार र २ नं वडा चण्डीबेसीमा कार्यक्रममा स्थानीय महिला, कृषक तथा स्थानीय समुदायका प्रतिनिधिको सहभागी गराई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोण आत्मसात् गर्दै सीमान्तकृत समुदायका आवश्यकता र अनुभवलाई 'अनुकूलन औजार'मा समेट्ने प्रयास गरिएको छ। प्याकेजअन्तर्गत खानेपानीको पहुँच कम हुँदै जानु, मुहान संरक्षण गर्दै पुनर्भरणका विधिलाई प्राथमिकता दिइएको गुरागाईंले बताए। जोखिम नक्साङ्कन, जल बाँडफाँट र प्रणालीको आकार निर्धारणजस्ता व्यावहारिक औजारको परीक्षण गरिरहेका छन् भने हाल गाउँपालिकाको दुई वटा वडामा करिब १५ सय बहुउपयोगी बिरुवासमेत रोपिएका छन्। यसै क्रममा रोशीमा मुहान÷जलाधार संरक्षण तथा व्यवस्थापनमा खानेपानी तथा सिँचाइका स्रोत संरक्षणका लागि मुहान र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनसमेत गरिने भएको हो। यसका लागि हिन्दू कुश हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिको उद्देश्यले एकीकृत जलवायु अङ्गिकरण समाधान कार्यक्रम 'इन्टिग्रेटेड क्लाइमेट एडप्टेसन सोलुसन्स फर द हिन्दू कुश हिमालय' (हाई–क्यास) परियोजना सञ्चालन गर्न लागिएको हो।



आशयपत्रमा मुहान÷जलाधार संरक्षण तथा व्यवस्थापनमा खानेपानी तथा सिँचाइका स्रोत संरक्षणका लागि मुहान र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनसँगै परियोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवद्र्धन गर्न लैङ्गिक उत्तरदायी, समावेशी र प्रकृतिमैत्री अनुकूलनका उपायमार्फत जोखिममा रहेका समुदाय र महिलाहरूको उत्थानको लागि पनि काम गर्ने उल्लेख गरिएको छ। यस्तै, स्वच्छ र नवीकरणीय ऊर्जाका प्रविधि प्रयोगमार्फत प्रवद्र्धन गर्दै रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण र प्रवद्र्धनका काम हुनेछन्। आदिवासी तथा स्थानीय समुदायको सहभागिता, स्थानीय क्षमता अभिवृद्धि र दिगो जीविकोपार्जनमा परियोजनाको योजना छ। रोशीमा २२ प्रतिशत पानीको मुहान तथा जलाधार क्षेत्र सुक्खा रहेको पाइएको सर्वेक्षणको प्रतिवेदनमा उल्लेख गरिएको छ। बेथानचोकमा हालै मात्र ३६९ पानीका मुहान पहिचान भएका छन्। इसिमोडले गरेको सर्वेक्षणबाट स्थानीयस्तरमा रहेका पानीका स्रोतको अवस्थाबारे महत्वपूर्ण तथ्याङ्क प्राप्त भएको गाउँपालिका अध्यक्ष भगवान अधिकारीले जानकारी दिए। उनका अनुसार पहिचान भएका मुहानको संरक्षण, उचित व्यवस्थापन तथा दिगो उपयोगका लागि अब थप योजनाबद्ध रुपमा प्रक्रिया अघि बढाइनेछ। 'जलवायु परिवर्तनका कारण भविष्यमा बढ्दो पानीको सङ्कट न्यूनीकरण गर्न थप संवेदनशील हुनुपर्ने भएकाले अहिले नै मुहान संरक्षण तथा पानी–पुनर्भरण सबैको साझा प्रयास आवश्यक छ', अधिकारीले भने। जिल्लाका सात स्थानीय तहले यी समस्यालाई मध्यनजर गर्दै पानीको मूल र मुहानको मूलाधार तथा जलाधार क्षेत्रको संरक्षण गर्न गत सालदेखिनै नीतिगत रुपमा छलफल सुरु गरेका हुन्। धुलिखेल नगरपालिका, पनौती नगर, पाँचखाल, नमोबुद्ध, बेथानचोक गाउँपालिका, रोशी र तेमाल गाउँपालिकाका जनप्रतिनिधिले मूलाधार तथा जलाधार संरक्षण गर्ने विषयमा चासो दिँदै नीतिगत रुपमा छलफलमा जुट्दै आएका छन्। २०८१ सालको असोजको बाढी पहिरोजस्ता विपद्ले जिल्लाका अधिकांश क्षेत्रका खानेपानीको मुहानमा धेरै क्षति पु¥याएकाले खानेपानीको अभावले विभिन्न समस्या देखिएको छ। यसअघि जिल्लाको सात स्थानीय तहको सहकार्य र समन्वयमा इसिमोडले पानीको मूल र मुहानको मूलाधार तथा जलाधार क्षेत्रमा सर्वेक्षण गरेको थियो। सर्वेक्षणमा पाँच हजार १६८ मूल तथा मुहान र ५२१ वटा पोखरी पहिचान हुँदा २७ प्रतिशत स्रोतहरु सुक्खा भएको देखिएको जनाइएको छ। यसैबीच २०८१ को बाढीपहिरोका कारण काभ्रेपलाञ्चोकको सात स्थानीय तहमा सञ्चालन गर्ने लागिएको पानीका मुहान पुनर्जीवित कार्यक्रम प्रभावित बनेको थियो। कार्यक्रम सञ्चालनका लागि जिल्लाका चार नगरपालिका र तीन गाउँपालिकाले मध्यपहाडी क्षेत्रमा ब्याप्त पानीको समस्यालाई सम्बोधन गर्न तथा समुदायको नेतृत्वमा सोही क्षेत्रका पानीका मुहान संरक्षण गर्ने अभियानमा सम्झौता गरेका थिए। प्रकृतिमा आधारित समाधानका माध्यमबाट मूलधार संरक्षण कार्यक्रमका लागि सन् २०२४ जनवरी पहिलो साता इसिमोडसँग जिल्लाका सात स्थानीय तहका जनप्रतिनिधिले सम्झौतापत्रमा हस्ताक्षर पनि गरेका थिए।

कार्यक्रम सञ्चालनको तयारीस्वरुप स्थानीय तहमा विभिन्न समुदायमा छलफल चलाउने क्रममा रहँदा गत असोजमा आएको बाढीपहिरोका कारण उक्त अभियान रोकिएको जनाइएको छ। रोशी गाउँपालिका अध्यक्ष दिनेश लामा भन्छन्, 'केही स्थानमा सुकेको मुहान पहिचानसँगै छलफल चलाउँदै थियौँ, बाढीपहिरोले उक्त अभियान रोकिएको थियो, यस वर्षदेखि पुनः सुरु गरेका छौँ।' उनका अनुसार क्षतिग्रस्त आयोजना पुनर्निर्माणसँगै पानीका मुहान पुनर्जीवित कार्यक्रमलाई समेटिनुपर्ने देखिएको छ। पानीका मुहान पुनर्जीवित कार्यक्रमका लागि इसिमोडले प्राविधि सहयोग गर्ने गर्दछ भने स्थानीय तहका प्रमुखले उक्त कार्यमा आ–आफ्ना तर्फबाट सहयोग र सहकार्य गर्नुपर्ने सम्झौता गरिएको थियो। जिल्लाका सात तहले पानीको असुरक्षालाई सम्बोधन गर्न समुदायको नेतृत्वमा स्थानीय पानीका मूलको पहिचान, अवस्थाको मूल्याङ्कन तथा सङ्कटासन्न मुहानको पुनर्जीवित गर्ने नयाँ अभियानमा ऐक्यबद्धता जनाएका थिए। काभ्रेपलाञ्चोकमा छ नगरपालिका र सात गाउँपालिका छन्।

इसिमोडका अनुसार हिन्दूकुश हिमालयमा पानीको मुहान क्रमशः सुक्दै जानु आजको प्रमुख समस्या भएको र पहाडी समुदायको पिउने पानी, गाईवस्तु तथा बालीनालीका लागि पानीको निरन्तर पहुँच सुनिश्चित गर्नु, पानीको अभाव विस्थापन गर्नु, पानीको विवाद न्यूनीकरण गर्नु अहिलेको मुख्य आवश्यकता देखिएको छ। प्रतिवेदनहरुका अनुसार हिन्दूकुश हिमालय क्षेत्रमा रहेका लगभग ९० लाख मुहानले पानीको महत्वपूर्ण स्रोतका रूपमा सेवा प्रदान गर्दै आइरहेका छन्। तथापि, जलवायु परिवर्तन, भूमिगत पानीको अत्यधिक उत्खनन र भूमि प्रयोग परिवर्तनजस्ता गम्भीर समस्याका कारण पानीका मुहान जोखिममा पर्दै गइरहेको जनाइएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# बाढीमा अभिभावक गुमाएका १० छात्रको शिक्षा मटिहानीको संस्कृत विद्यालयले जिम्मा लिने



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयले रसुवाको भोटेकोशी बाढी तथा प्राकृतिक विपत्तिमा अभिभावक गुमाएका १० जना छात्रको कक्षा ८ देखि १२ सम्मको सम्पूर्ण शैक्षिक दायित्व लिने घोषणा गरेको छ । सरकारले रसुवा बाढी तथा प्राकृतिक विपत्तिमा ज्यान गुमाएकाहरूको सम्झनामा सोमबार राष्ट्रिय शोक दिवस मनाएका अवसरमा विद्यालयले विपत्तिबाट प्रभावित बालबालिकाको शिक्षाका लागि यस्तो घोषणा गरेको हो।

विद्यालयका प्रधानाध्यापक तथा 'गुरुकुलका गोठालो' ईश्वरी पौडेलले जारी गरेको वक्तव्यमा विपत्तिका कारण धेरै बालबालिका अभिभावकविहीन बनेको उल्लेख गर्दै उनीहरूको शिक्षा र भविष्य सुनिश्चित गर्नु सबैको सामूहिक मानवीय दायित्व भएको बताएका छन् । विद्यालयले अभिभावक गुमाएका १० जना छात्रलाई भर्ना गरी कक्षा ८ देखि १२ सम्मको शिक्षा, आवश्यक शैक्षिक सामग्रीलगायत सम्पूर्ण शैक्षिक खर्च तथा व्यवस्थापनको जिम्मेवारी लिने जनाएको छ।

विद्यालयले विद्यार्थीलाई औपचारिक शिक्षा प्रदान गर्ने मात्र नभई उनीहरूको भविष्य निर्माणमा अभिभावकीय भूमिका र आत्मीयता प्रदान गर्ने प्रतिबद्धता पनि जनाएको छ । प्रधानाध्यापक पौडेलले विपत्तिबाट प्रभावित बालबालिका भविष्यमा देशका सक्षम नागरिक बन्न सक्ने भएकाले उनीहरूको हातमा कलम र आँखामा भविष्यको सपना जगाउन आवश्यक रहेको बताएका छन्।

विपत्तिको समयमा सबैले आफ्नो क्षमता र सामथ्र्यअनुसार प्रभावित बालबालिकाको भविष्य निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिँदै उनले यस अभियानमा सहकार्य गर्न सबैलाई आह्वान गरेका छन्।

मटिहानी नगरपालिका–७ मा रहेको राजकीय संस्कृत माध्यमिक विद्यालय विसं १७५० मा सेन वंशको समयमा स्थापना भएको र नेपालकै पहिलो गुरुकुलका रूपमा परिचित विद्यालय हो। विद्यालयले 'एक बालकको शिक्षा जोगाउनु एउटा परिवारको भविष्य जोगाउनु सरह हो' भन्ने भावसहित रसुवा विपत्तिबाट अभिभावकविहीन बनेका १० छात्रको शिक्षा र भविष्य निर्माणमा सहयात्री बन्ने प्रतिबद्धता जनाएको छ।

यसैबीच, विद्यालयले भोटेकोशी बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन तथा प्रभावित सबैमा धैर्य र शक्ति प्राप्त होस् भन्ने कामना गरेको छ।

# बाढीबाट प्रभावित रसुवा र नुवाकोट विद्युत सेवा पुनः संचालनमा ल्याउन मन्त्रालयको चासो

**मधेशदृष्टि**
**काठमाडौँ।**
भोटेकोशी बाढीका कारण विद्युत् पूर्वाधारमा क्षति पुगेपछि प्रभावित रसुवा र नुवाकोटमा विद्युत् सेवा पुनः सञ्चालनमा ल्याउन ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय लागि परेको छ । मन्त्रालयका अनुसार प्रतिकूल मौसमका बाबजुद धादिङमा करिब ९९.८ प्रतिशत, नुवाकोटमा ९६.७ प्रतिशत र रसुवामा करिब ७८ प्रतिशत घरमा विद्युत् सेवा पुनः सञ्चालनमा ल्याइएको छ।

बाँकी क्षेत्रमा विद्युत् पुर्याउनका लागि नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोली परिचालन गरिएको छ । यस्तै, माथिल्लो त्रिशूली–३ 'ए', माथिल्लो त्रिशूली–३ 'बी', चिलिमे, रसुवागढी, लाङटाङ, माथिल्लो त्रिशूली–१ र मैलुङ खोलालगायत जलविद्युत् आयोजनामा खोज तथा उद्धारकार्य जारी रहेको मन्त्रालयले जनाएको छ।

यसैबीच, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत १३ वटा कार्यालय प्रयोजनका र ५०० वटा घरायसी प्रयोजनका सौर्य विद्युत् प्रणाली प्रभावित क्षेत्रमा पठाइएको छ । रसुवामा विद्युत् सेवा सञ्चालन हुन समय लाग्ने स्थानका थप एक हजार २६८ घर पहिचान गरी सौर्य प्रणाली वितरणको तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

सडक अवरुद्ध भएका क्षेत्रमा हेलिकप्टरमार्फत सौर्य प्रणाली ढुवानी गर्ने व्यवस्था मिलाइएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता मोहनकुमार शाक्यले जानकारी दिए।

# रसुवा बाढीपीडितका लागि नेशनल र नेपाल मेडिकल कलेजको ७५ लाख सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवा जिल्लामा हालै आएको बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार र पुनःस्थापनाका लागि नेशनल मेडिकल कलेज प्रा.लि., वीरगंज र नेपाल मेडिकल कलेज प्रा.लि., गोकर्णेश्वर, काठमाडौंले संयुक्त रूपमा ७५ लाख रुपैयाँ सहयोग गरेको छ । दुवै मेडिकल कलेज परिवारको संयुक्त योगदानबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष (बाढी राहत) मा ७५ लाख रुपैयाँ जम्मा गरिएको हो । रसुवामा आएको बाढी तथा अन्य प्राकृतिक विपद्का कारण ठूलो संख्यामा नागरिक प्रभावित भएको अवस्थामा तत्काल राहत, उद्धार तथा मानवीय सहायता उपलब्ध गराउने उद्देश्यले आर्थिक सहयोग प्रदान गरिएको दुवै संस्थाले जनाएका छन्। स्वास्थ्य सेवामा निरन्तर क्रियाशील यी दुई संस्थाले विपद्को कठिन परिस्थितिमा आर्थिक सहयोगमार्फत प्रभावित नागरिकको साथमा उभिने




सामाजिक प्रतिबद्धता देखाएका हुन्। विपद्का कारण समस्यामा परेका परिवार तथा समुदायसम्म राहत पुऱ्याउन र पुनःस्थापनाका प्रयासलाई गति दिन यो सहयोग महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

दुवै मेडिकल कलेजले स्वास्थ्य सेवा प्रदान गर्नुका साथै विपद् र संकटका समयमा सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने दायित्वलाई समेत प्राथमिकतामा राख्दै आएको जनाएका छन् । रसुवाका बाढीपीडित नागरिकका लागि गरिएको संयुक्त सहयोग पनि सोही मानवीय जिम्मेवारीको निरन्तरता भएको संस्थाहरूको भनाइ छ । बाढीबाट प्रभावित क्षेत्रमा उद्धारपछि राहत वितरण र पुनःस्थापनाको चुनौती थपिँदै गएको अवस्थामा स्वास्थ्य क्षेत्रबाट प्राप्त यस्तो सहयोगले प्रभावित समुदायको आवश्यकतामा केही राहत पुग्ने विश्वास गरिएको छ । विशेषगरी विपद्पछि आधारभूत आवश्यकता पूरा गर्न, प्रभावित परिवारलाई सहयोग पुऱ्याउन तथा पुनःस्थापनाका विभिन्न कार्य अघि बढाउन राहत कोषमार्फत उपलब्ध हुने रकम उपयोगी हुने अपेक्षा गरिएको छ।

नेशनल मेडिकल कलेज, वीरगंज र नेपाल मेडिकल कलेज, काठमाडौंले विपद्को समयमा मानवीय सहयोग र सामाजिक सहकार्यलाई अझ बलियो बनाउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । उनीहरूले रसुवासहित देशका विभिन्न क्षेत्रमा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको अवस्था र आवश्यकतालाई ध्यानमा राख्दै आगामी दिनमा समेत सामाजिक तथा मानवीय सेवाका गतिविधिलाई निरन्तरता दिने बताएका छन्।विपद्को समयमा स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र समुदायबीचको सहकार्य आवश्यक हुने उल्लेख गर्दै दुवै संस्थाले आफ्नो योगदानलाई प्रभावित नागरिकप्रतिको ऐक्यबद्धताका रूपमा लिएका छन् । ७५ लाख रुपैयाँको यो संयुक्त सहयोगले राहत, उद्धार र पुनःस्थापनाका सरकारी प्रयासमा समेत थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

# बाढीपीडितका लागिसुनचाँदी व्यवसायीको राहत




**मधेशदृष्टि**
**जनकपुरधाम।**
त्रिशूली तथा भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित तथा पीडित परिवारका लागि जनकपुरधाम सुनचाँदी व्यवसायी संघले राहत रकम तथा राहत सामग्री हस्तान्तरण गरेको छ । विपद्मा परेका नागरिकलाई सहयोग गर्ने उद्देश्यले संघले सुनचाँदी व्यवसायीहरूबाट राहत रकम तथा विभिन्न सामग्री संकलन गरी एक कार्यक्रमबीच हस्तान्तरण गरेको हो।

संघका अनुसार व्यवसायीहरूबाट संकलन गरिएको ३ लाख १ हजार रुपैयाँ नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ मधेसका अध्यक्ष पवन ठाकुरलाई हस्तान्तरण गरिएको छ । यस्तै, २ सय १ थान ट्र्याकसुट जनकपुरधाम उद्योग वाणिज्य संघलाई तथा ५१ थान कुकर सहजीकरण अभियानका संयोजक अम्बुप्रसाद साहलाई हस्तान्तरण गरिएको जनकपुरधाम सुनचाँदी व्यवसायी संघका अध्यक्ष राजीव साह चन्दनले जानकारी दिए।

राहत हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष चन्दनले विपद्का कारण व्यवसाय प्रभावित भएर व्यापार ठप्पजस्तै रहेको अवस्थामा पनि पीडितको दुःखमा साथ दिन आफूहरूले सक्दो सहयोग गरेको बताए।

विपद्को समयमा तत्कालीन राहतसँगै प्रभावित क्षेत्रको पुनःस्थापना र पुनर्निर्माण पनि महत्वपूर्ण रहेको भन्दै उनले त्यसका लागि समेत संघ सहयोग गर्न तयार रहेको बताए।

बाढीका कारण ठूलो जनधनको क्षति भएको अवस्थामा पीडित परिवारलाई राहत उपलब्ध गराउनु सामाजिक दायित्व भएको उल्लेख गर्दै व्यवसायीहरूले आगामी दिनमा समेत आवश्यकता अनुसार सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन्।

# बाढीका मृतकको सम्झनामा श्रद्धाञ्जली, मौनधारण तथा दीप प्रज्वलन



**मधेशदृष्टि**
**महोत्तरी।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएकाहरूको सम्झनामा महोत्तरीको मटिहानीमा श्रद्धाञ्जलीसभा तथा एक मिनेट मौनधारण गरिएको छ । नेपाल सरकारले देशभर राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेअनुसार मटिहानी नगरपालिकाको आह्वानमा सोमबार बिहान ११ बजे नगर क्षेत्रका विभिन्न स्थानमा एक मिनेट मौनधारण गरिएको हो।

नगरपालिकाको आह्वानमा सरकारी कार्यालय, विद्यालय, मदरसा तथा सार्वजनिक स्थलमा उपस्थित जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा सर्वसाधारणले आ–आफ्नो स्थानमा उभिएर मौनधारण गरेका थिए। मौनधारणमार्फत भोटेकोशी बाढी तथा अन्य प्राकृतिक विपत्तिमा परी ज्यान गुमाएका मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरिएको थियो।

नगरपालिकाले विपत्तिमा परी ज्यान गुमाउनेप्रति सम्मान व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति ऐक्यबद्धता जनाउन नगरवासीलाई राष्ट्रिय शोकको अवसरमा मौनधारणमा सहभागी हुन आह्वान गरेको थियो। नगर क्षेत्रका विभिन्न स्थानमा एकै समयमा गरिएको मौनधारणमा स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो।

## बाढीमा ज्यान गुमाएकाको सम्झनामा दीप प्रज्वलन




रसुवामा गएको विनाशकारी बाढी तथा पहिरोमा परी ज्यान गुमाएका व्यक्तिहरूको सम्झनामा गणेश युवा कमिटीले दीप प्रज्वलन तथा भावपूर्ण श्रद्धाञ्जली कार्यक्रम आयोजना गरेको छ। बाढीपहिरोमा परी असामयिक निधन भएका सम्पूर्ण व्यक्तिहरूको १३औँ दिनको पुण्यतिथिको अवसर पारेर कमिटीले दीप प्रज्वलन गर्दै मृतकप्रति श्रद्धाञ्जली अर्पण गरेको हो । कार्यक्रममा सहभागीहरूले मृतकहरूको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका थिए । विपद्का कारण परिवारका सदस्य गुमाएका परिवारको पीडामा ऐक्यबद्धता जनाउँदै उनीहरूको दुःखमा साथ दिनुपर्नेमा समेत सहभागीहरूले जोड दिएका थिए।

दीप प्रज्वलन गर्दै सहभागीहरूले विपद्मा ज्यान गुमाएका सबैप्रति सम्मान व्यक्त गर्नुका साथै प्रभावित परिवारको पीडा कम गर्न राज्य तथा समाजका सबै पक्षले सहयोग र सहकार्यलाई निरन्तरता दिनुपर्ने बताएका थिए।

श्रद्धाञ्जली कार्यक्रममा मधेस प्रदेशसभाका सभामुख रामअशिष यादव, गणेश युवा कमिटीका अध्यक्ष रामसोगारथ साह पप्पु, संस्थापक अध्यक्ष सरोजकुमार साह, पूर्व अध्यक्षहरु सुरेन्द्र भण्डारी, दीपक भगत, भोला भण्डारी, सुनिल लाल दास सहितको उपस्थिति रहेको थियो।

# १९७ ग्रामभन्दा बढी हेरोइनजस्तो पदार्थसहित दुई पक्राउ

**जनकपुरधाम।**
धनुषामा प्रहरीले १९७ ग्रामभन्दा बढी खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ । मिथिला नगरपालिका–२ नक्टाझिझस्थित जनकपुरधाम–ढल्केवर सडकखण्डमा सोमबार बिहान विशेष सूचनाका आधारमा शंकास्पद मोटरसाइकल जाँच गर्ने क्रममा प्रहरीले उक्त पदार्थ बरामद गरेको हो।

लागुऔषध नियन्त्रण ब्युरो बर्दिबास र इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले जनकपुरबाट ढल्केवरतर्फ जाँदै गरेको ज ९ प ५६९७ नम्बरको मोटरसाइकल रोकेर जाँच गरेको थियो । जाँचका क्रममा मोटरसाइकलको पछाडि सवार भारतको मधुवनी जिल्ला, कमलावारी पुरी–१३ का करिब २७ वर्षीय संजित कुमार रामले बोकेको कालो प्लास्टिकको झोलाबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ।

बरामद पदार्थको तौल १९७ ग्राम ४४० मिलिग्राम रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । प्रहरीले मोटरसाइकल चालक धनुषाको सबैला नगरपालिका–१० खरियानी टोलका करिब ३४ वर्षीय राकेश चमार र संजित कुमार रामलाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको छ । पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# कारागारबाटै लागूऔषध...

देउला पक्राउ परेका छन् । उनीहरूको साथबाट ५८ बक्समा रहेको १ हजार ७४० फाइल अर्थात् १७ हजार ४ सय क्याप्सुल ट्रामाडोल बरामद भएको छ । लागूऔषध ओसारपसारमा प्रयोग भएको आशंकामा एउटा होन्डा डिओ स्कुटरसमेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार 'केजीएफ च्याप्टर–२' नामबाट नेपालमा ठूलो लागूऔषध सञ्जाल सञ्चालन भइरहेको सूचनाका आधारमा यसअघि पनि इन्टेलिजेन्स ब्युरोबाट खटिएको विशेष टोलीले कारबाही गरेको थियो । उक्त कारबाहीका क्रममा दुई लाखभन्दा बढी ट्रामाडोल क्याप्सुल बरामद भएको टिपोटमा उल्लेख छ । यसै सञ्जालका नाइके भनिएका वीरधोज तामाङ उर्फ 'वीरु' ले कारागारबाटै लागूऔषध कारोबार सञ्चालन गरिरहेको आशंकासमेत प्रहरी अनुसन्धानको दायरामा रहेको छ।

च्यासलबाट पक्राउ परेका राई र देउलाको उक्त समूहसँगको सम्बन्ध तथा उनीहरूको भूमिकाबारे प्रहरीले अनुसन्धान अघि बढाएको छ । पक्राउ परेकाहरूबाट लागूऔषधको स्रोत, कारोबारको तौरतरिका, वितरण सञ्जाल र यसमा संलग्न अन्य व्यक्तिबारे महत्वपूर्ण सूचना प्राप्त हुन सक्ने प्रहरीको अपेक्षा छ। घटनामा संलग्न थप व्यक्तिको खोजी तथा पहिचानको कामसमेत भइरहेको बताइएको छ।

बरामद लागूऔषध र स्कुटरसहित पक्राउ परेका दुवै जनामाथि लागूऔषधसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान अघि बढाइएको छ । घटनाको थप विवरण अनुसन्धानपछि खुल्ने सशस्त्र प्रहरी बलले जनाएको छ।

# सजाय तोकिएका १२ फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका १२ जना प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट सोमबार खटिएको टोलीले विभिन्न मुद्दामा अदालतबाट सजाय तोकिएका तर फरार रहेका प्रतिवादीहरूलाई खोजतलासका क्रममा पक्राउ गरेको हो।

पक्राउ परेकामध्ये अधिकांश कुटपिट मुद्दाका प्रतिवादी रहेका छन् । उनीहरूलाई धनुषा जिल्ला अदालतबाट फैसला भई कैद तथा जरिवाना सजाय तोकिएको थियो। प्रहरीका अनुसार पक्राउ परेकामध्ये एक जनालाई चोरी मुद्दामा १५ दिन कैद र १ लाख ६८ हजार २८० रुपैयाँ जरिवाना तोकिएको थियो । त्यस्तै, कुटपिट मुद्दामा दुई जनालाई ६÷६ महिना कैद र २÷२ हजार रुपैयाँ जरिवाना सजाय सुनाइएको थियो । कुटपिट मुद्दाकै अन्य प्रतिवादीहरूलाई कैद सजाय नभए पनि अदालतबाट विभिन्न रकम जरिवाना तोकिएको थियो। उनीहरूमध्ये क्रमशः २३८ रुपैयाँ ३४ पैसा, २४१ रुपैयाँ ३७ पैसा, २४१ रुपैयाँ ३७ पैसा, २४१ रुपैयाँ ३७ पैसा, ४ सय रुपैयाँ, ११५ रुपैयाँ तथा २१÷२१ रुपैयाँ जरिवाना तोकिएका व्यक्ति रहेका छन् । पक्राउ परेका सबैलाई अदालतको फैसला कार्यान्वयनका लागि आवश्यक कानुनी कारबाहीसहित धनुषा जिल्ला अदालतमा बुझाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अदालतबाट सजाय तोकिएर फरार रहेका अन्य प्रतिवादीहरूको समेत खोजी तथा पक्राउ अभियान जारी रहेको जानकारी दिए।

# दुर्घटनामा पिकअप चालकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगञ्ज–पथलैया सडकखण्डअन्तर्गत बाराको जीतपुरसिमरा उपमहानगरपालिका–७ छातापिपरामा सोमबार बिहान पिकअप गाडी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा वीरगञ्ज महानगरपालिका–३० प्रोसतिपुरका २२ वर्षीय जैमुदिन अन्सारी रहेका छन्।

पथलैयाबाट वीरगंज तर्फ आउँदै गरेको ना ५ च २२७७ नम्बरको कुखुरा बोक्ने पिकअप गाडी अनियन्त्रित भई दुर्घटना भएको हो।

तीव्र गतिमा रहेको उक्त गाडी सडकको बिचमा रहेको डिभाइडरमा ठोक्किँदै अर्को लेनमा पुगेर पल्टिएको प्रहरीको भनाइ छ।

दुर्घटनामा चालकको घटनास्थलमै मृत्यु भएको हो।

उक्त दुर्घटनामा परी गाडीका सहचालक विश्रामपुर गाउँपालिका–९ का २० वर्षीय स्वयम भुला अन्सारी घाइते भएका छन् । घाइतेको बाराको परवानीपुरस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# मधेशमा महिला हिंसाको भयावह रूप



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रौतहटको गुजरा नगरपालिका–५ हरिहरपुरमा शुक्रबार बिहानको घटना सामान्य घरेलु विवाद वा झगडाको परिणाम मात्र थिएन। सडकछेउमै एक महिलामाथि निरन्तर खुकुरी प्रहार भयो। स्थानीयको आँखैअगाडि ४५ वर्षीया रेनुदेवी जयसवालको हत्या भयो। अझ विडम्बना, उनलाई बचाउन दौडिनुपर्ने केही व्यक्ति घटनाको भिडियो खिच्न व्यस्त देखिए। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार रेनुदेवीमाथि करिब ३५ वर्षीय उपेन्द्र साह कलवारले खुकुरी प्रहार गरेका थिए। गम्भीर घाइते भएकी रेनुदेवीको घटनास्थलमै मृत्यु भएको थियो। हत्या गरेपछि आरोपित शवको छेउमै बसेको दृश्यसमेत सार्वजनिक भएको छ।

यो एउटा घटना मात्र होइन । पछिल्लो एक महिनामा मधेशका विभिन्न जिल्लामा महिलामाथि भएका हिंसाका घटनाले समाजमा महिला सुरक्षाको अवस्था र हिंसाप्रतिको सामाजिक संवेदनशीलतामाथि गम्भीर प्रश्न उठाएको छ।

- **यातनाको हदः मोबाइलमा कुरा गरेको आरोपमा तातो रडले पोलियो**

सिरहाको नवराजपुर गाउँपालिकामा भएको घटना झनै पीडादायी छ । २८ वर्षीया सञ्जना यादवलाई आफ्नै श्रीमान् रामशंकर यादव र उनका भाइ श्यामसुन्दर यादवले चरम यातना दिएको आरोप छ। मोबाइलमा साथीसँग कुरा गरेको विषयलाई लिएर मंगलबार राति सञ्जनाका हातखुट्टा बाँधिएको थियो । मुखमा कपडा कोचिएको थियो। त्यसपछि चुलोमा तताइएको फलामे रडले शरीरका विभिन्न भागमा प्रहार गरिएको प्रहरीको प्रारम्भिक विवरण छ।

घरका झ्यालढोका बन्द गरेर कुटपिट गरिएकी सञ्जनाको चित्कार छिमेकीले सुनेपछि प्रहरीलाई खबर गरेका थिए। प्रहरीले उद्धार गरेर उनलाई उपचारका लागि अस्पताल पु¥याएको थियो । भारतको बिहारस्थित मधुबनी जिल्लाकी सञ्जनासँग रामशंकरले करिब तीन वर्षअघि दोस्रो विवाह गरेको बताइएको छ। यसअघि उनकी जेठी श्रीमतीलाई समेत विवादका क्रममा कुटपिट गर्ने गरेको र यातना सहन नसकेपछि उनले घर छाडेको स्थानीयको भनाइ छ। घटनामा रामशंकर प्रहरी हिरासतमा छन् भने उनका भाइ श्यामसुन्दर फरार रहेको प्रहरीले जनाएको छ।

- **आत्महत्याको आवरणमा दाइजोको पीडा ?**

रौतहटकै कटहरिया नगरपालिका–३ बरेडवामा २० वर्षीया नवविवाहिता निशाकुमारी साह सोनार आफ्नै सुत्ने कोठामा झुन्डिएको अवस्थामा फेला परिन्। गत फागुनमा निरजकुमार साहसँग विवाह भएकी निशाको मृत्यु आत्महत्या हो वा त्यसको पछाडि कुनै अन्य कारण छ भन्ने विषयमा अनुसन्धान भइरहेको छ।

तर उनका माइती पक्षले भने छोरीको हत्या भएको आरोप लगाएका छन् । मृतकका बुबा रवीन्द्र साह सोनारका अनुसार विवाहपछि निरजले एसी, नगद तथा अन्य दाइजो माग गर्दै निशालाई मानसिक र शारीरिक यातना दिने गरेका थिए। यही क्रममा उनको मृत्यु भएकाले घटना शंकास्पद रहेको परिवारको दाबी छ।

घटनाको वास्तविकता अनुसन्धानपछि मात्रै खुल्ने भए पनि विवाहपछि दाइजोका नाममा महिलामाथि हुने दबाब र हिंसाले अर्को गम्भीर प्रश्न भने उठाएको छ।

- **सामाजिक सञ्जालको ‘भाइरल’ संस्कृतिले बालिकाको ज्यान लियो**

बाराको कलैया उपमहानगरपालिका–२१ भौडाहामा १३ वर्षीया सरिया खातुनको मृत्युले सामाजिक सञ्जालको दुरुपयोग र त्यसबाट उत्पन्न सामाजिक हिंसाको अर्को भयावह पाटो उजागर गरेको छ। प्रहरीका अनुसार असार १५ गते खेतमा एक केटासाथीसँग बसेर कुराकानी गरिरहेकी सरियालाई केही युवाले घेरेर गालीगलौज, हातपात तथा दुव्र्यवहार गरेका थिए। उनीहरूले घटनाको भिडियो बनाएर सामाजिक सञ्जालमा फैलाएपछि बालिकाको चरित्रमाथि प्रश्न उठाउँदै गाउँमा नकारात्मक हल्लासमेत फैलाइएको थियो।

त्यसको मानसिक दबाब सहन नसकेकी सरियाले भोलिपल्ट घरमै झुन्डिएर आत्महत्या गरेको प्रहरीले जनाएको छ । यो घटनाले सामाजिक सञ्जालमा कुनै व्यक्तिको चरित्रमाथि आरोप लगाउने, भिडियो खिच्ने र त्यसलाई भाइरल बनाउने प्रवृत्ति कसरी वास्तविक जीवनमै घातक परिणाम निम्त्याउन सक्छ भन्ने देखाएको छ।

- **हिंसा बढ्नुको कारण ?**

यी चार घटनाको प्रकृति फरक भए पनि एउटा समान पक्ष देखिन्छ—महिलामाथि हुने हिंसाप्रति बढ्दो असंवेदनशीलता । महिला अधिकारको क्षेत्रमा कार्यरत ओरेक नेपालकी मधेश प्रदेश प्रमुख वीणा सिंहका अनुसार मधेशमा महिलाले सांस्कृतिक, सामाजिक र मानसिक दबाबसँगै शारीरिक हिंसासमेत सामना गर्नुपरिरहेको छ। अपराधअनुसार पीडकले प्रभावकारी सजाय नपाउँदा हिंसा गर्नेहरूमा दण्डको डर कमजोर हुँदै गएको उनको भनाइ छ।

उनका अनुसार हिंसा नियन्त्रणका लागि अपराधमा संलग्नलाई कडा कानुनी कारबाहीसँगै स्थानीय तहसम्मै ‘हिंसा सहनु हुँदैन’ भन्ने चेतना फैलाउने अभियान आवश्यक छ। महिला अधिकारकर्मी सम्झना वर्मा पनि परिवार र समाजमा अझै महिलालाई हिंसा सहेर बस्नुपर्ने मानसिकता रहेको बताउँछिन् । उनका अनुसार छोरी–बुहारीलाई घरेलु हिंसालाई सामान्य व्यवहारिक समस्या भनेर सहन सिकाउने प्रवृत्तिले हिंसा लुकाउन थप मद्दत गरिरहेको छ।

‘हिंसाविरुद्ध बोल्नुपर्छ, चुप लागेर बस्नु हुँदैन’ भन्ने शिक्षा परिवारदेखि नै दिनुपर्ने र प्रदेश तथा स्थानीय सरकारले महिला हिंसा न्यूनीकरणका लागि प्रभावकारी अभियान सञ्चालन गर्नुपर्ने उनको भनाइ छ।

- **तथ्यांकले देखाएको अर्को तस्वीर**

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार आर्थिक वर्ष २०८२÷८३ मा प्रदेशका आठवटै जिल्लामा महिला तथा बालबालिकासम्बन्धी अपराधका ८ सय ३६ वटा मुद्दा दर्ता भएका छन्। तीमध्ये जबरजस्ती करणीका ३ सय २९, बहुविवाहका १ सय ३०, जबरजस्ती करणी उद्योगका ७३, अपहरण गरी जबरजस्ती करणीका ४३ तथा अपहरण तथा शरीर बन्धकका ४८ वटा मुद्दा छन्।

त्यस्तै, बोक्सीको आरोपसम्बन्धी १९, गर्भपतनसम्बन्धी १६, मानव बेचबिखनका १८ र अप्राकृतिक मैथुनका चारवटा मुद्दा दर्ता भएका छन् । आत्महत्या गर्न दुरुत्साहनका ३७, बाल यौन दुरुपयोगका ३९ तथा अन्य विभिन्न प्रकृतिका महिला तथा बालबालिकासम्बन्धी मुद्दासमेत प्रहरीमा दर्ता भएका छन्।

- **हिंसासँगै बढ्दैछ क्रूरता**

मधेश प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार पछिल्ला घटनामा देखिएको क्रूरता पछाडि सामाजिक र आर्थिक कारणसमेत जोडिएका छन् । उनका अनुसार आर्थिक मन्दी, बेरोजगारी र लागुऔषधको बढ्दो प्रयोगले व्यक्तिमा निराशा र आक्रोश बढाएको देखिन्छ। कतिपय अवस्थामा आफ्नो असफलता र आक्रोश महिला तथा बालबालिकामाथि पोख्ने प्रवृत्तिसमेत देखिएको उनले बताए।

सामाजिक सञ्जालको अनियन्त्रित प्रयोगले पनि समस्या थप जटिल बनाएको प्रहरीको बुझाइ छ । भ्रामक, गलत तथा द्वेषपूर्ण सूचनाको फैलावटले सामाजिक तनाव र हिंसालाई थप उक्साउन सक्ने ढकालको भनाइ छ।

## सप्तकोशीको बाढीले गोबरगाढा डुबानमा, स्थानीयलाई अग्लो स्थानमा सारिँदै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सप्तकोशी नदीको बाढीले बस्ती डुबानमा परेपछि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–१३ गोबरगाढाका स्थानीयलाई अग्लो स्थानमा सार्न थालिएको छ । पशुपालन गरेर दैनिकी चलाउँदै आएका स्थानीयले तत्काल बस्ती छाड्न नमानेपछि उनीहरूलाई बस्तीबाट करिब डेढ किलोमिटर पश्चिमतर्फ रहेको अग्लो स्थानमा सार्न थालिएको नगरपालिकाले जनाएको छ।

नगर प्रमुख वीरेन्द्र माझीका अनुसार आइतबार १० वटा ‘वाटरप्रुफ टेन्ट हाउस’ पठाइएकामा आठ वटा टेन्ट जडान गरी प्रभावित परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । ‘हामीले प्रयास गर्दा पनि त्यहाँका अधिकांश परिवार पशुपालन गरिरहेका कारण बाहिर निस्किन मानेनन्,’ उनले भने, ‘बाध्य भएर त्यहीँ व्यवस्थापन गर्नुप¥यो।’ नगरपालिकाले प्रभावित परिवारका लागि २५ वटा वाटरप्रुफ टेन्ट हाउस खरिद गरेको छ। नगर प्रमुख माझीका अनुसार सोमबार १० वटा टेन्टका सामग्री पठाएर करिब २५ देखि ३० परिवारलाई अग्लो स्थानमा सारिएको छ।

प्रभावित क्षेत्रमा थप त्रिपाल पठाउने तथा खानेपानीका लागि दुई वटा ट्यूबवेल जडान गर्ने तयारी गरिएको नगरपालिकाले जनाएको छ । गोबरगाढामा गरिएको विवरण संकलनमा ९५ परिवार रहेको पाइएको छ। उनीहरूका लागि चामल, त्रिपाल, तेल, दाललगायतका सामग्री समेटिएको राहत प्याकेज सोमबार नै पठाउने तयारी रहेको नगर प्रमुख माझीले बताए।

गत वर्ष असोजको दोस्रो साता सप्तकोशी नदीमा पानीको बहाव ५ लाख ३३ हजार ५ सय क्युसेक पुगेपछि मात्रै गोबरगाढा बस्तीमा यस स्तरको बाढी पसेको थियो। तर, यस वर्ष नदीको बहाव बढ्दै जाँदा अहिले नै घर–घरमा बाढी पसेपछि स्थानीय त्रासमा छन्।

## सिर्सिया खोलामा गरि रहेको प्रदूषण रोक्न उद्योगहरुलाई एक हप्ते अल्टिमेटम

**मधेशदृष्टि**
**काठमाडौँ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले बारा–पर्सा औद्योगिक करिडोरका उद्योगले सिर्सिया खोलामा गरिरहेको प्रदूषण तत्काल रोक्न एक साताको समयसीमा दिएकी छिन् । सोमबार मन्त्रालयमा उद्योगीहरूसँग छलफल गर्दै मन्त्री कुमारीले वातावरण संरक्षणसम्बन्धी कानुनी मापदण्ड उल्लंघन गर्ने उद्योगमाथि कारबाही गर्ने चेतावनी दिइन् । सिमरा र वीरगंज क्षेत्रका केही उद्योगले प्रशोधन नगरी ढल तथा औद्योगिक फोहोर खोलामा मिसाउँदा सिर्सिया खोला प्रदूषित बनेको भन्दै



स्थानीयस्तरबाट लामो समयदेखि गुनासो हुँदै आएको छ । मन्त्री गौरी कुमारीले उद्योगीहरूलाई तत्काल सुधारका काम थाल्न निर्देशन दिँदै एक सातापछि मन्त्रालयको विशेष टोलीले स्थलगत निरीक्षण गर्ने बताइन् । निरीक्षणपछि पनि सुधार नभएको पाइएमा कानुनअनुसार प्रक्रिया अघि बढाइने उनको भनाइ छ । सिर्सिया खोलाको प्रदूषणका कारण स्थानीय बासिन्दा, किसान तथा पशुपालनमा समेत असर परेको भन्दै खोला संरक्षणको माग हुँदै आएको छ।

# कारागारबाटै लागूऔषध सञ्जाल, १७ हजार ४ सय ट्रामाडोलसहित दुई पक्राउ

**काठमाडौँ।**
कारागारमा रहेका व्यक्तिको निर्देशनमा ठूलो लागूऔषध सञ्जाल सञ्चालन भइरहेको आशंकाबीच सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्युरोले ललितपुरको च्यासलबाट १७ हजार ४ सय क्याप्सुल ट्रामाडोलसहित दुई जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्युरोका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहको कमाण्डमा परिचालित विशेष टोलीले विशेष सूचनाका आधारमा २०८३ भदौ २२ गते दिउँसो करिब ३:३० बजे ललितपुर महानगरपालिका–९ च्यासलमा कारबाही गरेको हो।



कारबाहीका क्रममा सुनसरीको धरान उपमहानगरपालिका–१७ घर भई हाल सातदोबाटोमा कोठा भाडामा बस्दै आएका ३४ वर्षीय सुरेन राई र ललितपुर महानगरपालिका–१२ घर भई हाल शंखमुलमा कोठा भाडामा बस्दै आएका ३२ वर्षीय सुजित

बाँकी पृष्ठ ३ मा

# ‘ब्रेक थ्रु’ नभएसम्म सुरुङमा उद्धार कार्य जारी राखिने: नेपाली सेना

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाली सेनाले बाढीबाट क्षति भएका जलविद्युत आयोजनाका सुरुङमा खोज तथा उद्धार कार्य ब्रेक थ्रु नभएसम्म जारी राख्ने जनाएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आयोजना गरेको पत्रकार सम्मेलनमा सेनाका सहायक रथी सुवासजंग थापाले सुरुङभित्र खोज तथा उद्धार कार्य तीव्र रूपमा भइरहेको जानकारी दिए। सरकारले काम रोक्न निर्देशन नदिएसम्म सुरुङमा खोजी कार्य नरोकिने उनले स्पष्ट पारे । सेनाका अनुसार रसुवा र नुवाकोटका बाढी प्रभावित जलविद्युत आयोजनामा करिब १ सय २१ जना स्वदेशी तथा विदेशी नागरिक फसेको अनुमान गरिएको छ। रसुवागढी, त्रिशूली–३ ए, त्रिशूली–३ बी, चिलिमे हाइड्रो र माथिल्लो त्रिशूली–१ लगायतका आयोजनामा नेपाली सेना, भारतीय सेना तथा विदेशी प्राविधिकसहितका टोलीले खोज तथा उद्धार कार्य गरिरहेका छन्। यता, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल अर्थात् इप्पानले भने सम्पर्कविहीनको संख्या सेनाको अनुमानभन्दा बढी रहेको जनाएको छ । इप्पानका अनुसार विभिन्न जलविद्युत आयोजनामा ठूलो संख्यामा कर्मचारी तथा कामदार सम्पर्कविहीन छन्। बाढीपछि बाँध, पावरहाउस र सुरुङलगायतका संरचनामा ठूलो क्षति पुगेको छ भने खोज तथा उद्धार कार्य अझै जारी रहेको छ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन